# प्रसौनी गाउँपालिका

## प्रसौनी, बारा

# स्थानीय राजपत्र

खण्ड :६ संख्या : ९ मितिः २०८०।०३।३०


भाग-२

# प्रसौनी गाउँपालिका

# एम्बुलेन्स संचालन निर्देशिका २०८०

प्रस्तावनाः–

प्रसौनी गाउँपालिका भित्रका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा पहुँच पुर्याउन गाउँपालिकाको घोषित निति अनुरुप सरल व्यवस्थीत र भरपर्दो किसिमले स्वास्थ्य सेवा पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न र एम्बुलेन्सका कारण समयमा स्वास्थ्य सेवा प्राप्त गर्न नसक्ने विरामीलाई स्वास्थ्य सेवाको पहुच पुयाउन एम्बुलेन्स सेवा पारदर्शी सरल विश्वसनीय वनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि प्रसौनी गाउँपालिका तेह्रौ गाउँसभाको मिति २०८०।०३।३० गतेको बैठकले यो निर्देशिका जारी गरेको छ ।

१) सक्षिप्त नाम र प्रारम्भ :

क) यो निर्देशिकाको नाम प्रसौनी गाउँपालिका एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८० रहेको छ ।

ख) यो निर्देशिका गाउँसभाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

क) एम्बुलेन्स भन्नाले विरामीलाई सेवा दिन स्विकृति प्राप्त गरेको वाहन सम्झनुपर्छ र सो सब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँदछ ।

ख) एम्बुलेन्स जनशक्ती भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

ग) चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

घ) गाउँपालिका भन्नाले प्रसौनी गाउँपालिकालाई सम्झनुपर्छ ।

ङ) सेवा शुल्क भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउने समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

च) समिति भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनुपर्छ ।

छ) सेवा भन्नाले एम्बुलेन्सले विरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

३ (क) एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति (पालिकाले खरीद गरेको खण्डमा) :

१. एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहनेछन् ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | –संयोजक |
| गाउँपालिका उपाध्यक्ष | –सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति | –सदस्य |
| राजश्व शाखा प्रमुख | –सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | –सदस्य–सचिव |

३ (ख) एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति (वडाले खरीद गरेको खण्डमा):

१. एम्बुलेन्स सेवा सञ्चालनका व्यवस्थापन अनुगमन तथा रेखदेख गर्न स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति नै रहनेछन्।

| | |
|---|---|
| वडा अध्यक्ष | –संयोजक |
| समितिले मनोनित गरेको निर्वाचित महिला सदस्य मध्ये १ जना | –सदस्य |
| स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रचार्य / प्रमुख / मध्येबाट १ जना महिला | –सदस्य |
| स्थानिय व्यापार संघको प्रतिनिध एक जना | –सदस्य |
| समितिबाट मनोनित स्वास्थ्य क्षेत्रका जानकार महिला | –सदस्य |
| स्वास्थ्य स्वयमसेविकाहरु मध्येबाट एक जना | –सदस्य |
| वडा सचिव | –सदस्य |
| स्वास्थ्य संस्था प्रमुख | –सदस्य सचिव |

२. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३. समितिको बैठक सम्वन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

४) समितिको काम, कर्तव्य र अधिकार :

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय वामोजिम हुनेछ ।

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता तयार गरि लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई करार सम्झौता रद्द गर्न गाउँपालिका कार्यालय लाई निर्देशन दिने ।

ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्बन्धी कायम भएको दररेटलाई समितिका पधाधिकारीहरुले आवश्यकता अनुसार परिमार्जित गर्ने ।

ङ) सरोकारबाला तथा अन्य संघहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी आवश्यकता अनुसार एम्बुलेन्स सेवा संचालनका लागी आवश्यक थप मापदण्ड बनाउने ।

२. समितिका सदस्य–सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षको अषाढ मसान्तमा समितिमा पेश गर्नु पर्नेछ ।

**५. सेवा शुल्क सम्वन्धी व्यवस्थाः**

१. यस गाउँपालिका अन्तरगतका स्थानीय जनता (गाउँवासी) लाई प्रसौनी देखि वीरगंज, कलैया, भारतको रक्सौल सम्म जानलाई कुनै पनि प्रकारको शुल्क नलिई निःशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ । एम्बुलेन्समा खपत हुने ईन्धन गाउँपालिकाको कार्यालयले व्यहोर्ने छ ।

२. माथि उल्लेखित ठाउँमा बाहेक अन्यत्र जानुपर्ने भएमा एम्बुलेन्समा खपत हुने ईन्धन मात्र सेवाग्राहीले व्यहोर्नुपर्छ ।

३. एम्बुलेन्स सम्वन्धी सुविधा गाउँपालिका वासीको लागी मात्र रहने छ र कुनै प्रकारको शुल्क लाग्ने छैन।

४. यस गाउँपालिका र अन्तरगतको कार्यालयमा कार्यरत कर्मचारीहरुको लागी एम्बुलेन्स सम्वन्धी सुविधा निःशुल्क हुनेछ ।

**६) चालकको नियुक्ति र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँपालिकाले एउटा एम्बुलेन्सका लागि एक जना योग्यता पुगेको चालक सेवा करार वा दैनिक ज्यालादारीमा नियुक्ति गर्नेछ। तर वडाको हकमा वडा अन्तर्गत रहने स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले एउटा एम्बुलेन्सका लागि एक जना योग्यता पुगेको चालक प्रचलित कानुन बमोजिम करारमा नियुक्ति गर्नेछ। एम्बुलेन्स चालकको नियुक्ति गर्दा सकेसम्म स्थानीयलाई प्राथमिकता दिनुपर्नेछ ।

२) चालकको सेवा सुविधा मासिक रुपमा तोकिएको तलब दिईनेछ ।

३) चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाका प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिम गाउँपालिका कार्यालयबाट व्यहोरिनेछ ।

४) चालकले पालना गर्नुपर्ने आचर सहिता अनुसूची (१) बमोजिम हुनेछ।

**७) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार :**

१) एम्बुलेन्स गाउँपालिकाको हाता वा गाउँपालिकाले तोकेको स्थानमा रहनेछ । वडाको हकमा स्वास्थ्य चौकी वा वडाले तोकेको स्थानमा रहनेछ ।

२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ । मर्मत गर्नु पर्ने भएमा मर्मत गर्न लाग्ने रकम गाउँपालिकाको कार्यालयले व्यहोर्ने छ । तर वडाको हकमा मर्मत कार्य वडा स्तरीय अनुगमन समितिले वडा अन्तर्गत रहने स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन समितिको कोषबाट गर्ने छ ।

**८) विविध :**

१) यस निर्देशिकामा उल्लेखित विषय यसै बमोजिम हुने र अन्य विषयको हकमा निर्णय गर्नुपरेमा समितिको निर्णयनुसार हुनेछ ।

२) यस कार्यविधिमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

अनसूची १

(निर्देशिकाको दफा ६ को उपदफा (४) संग सम्बन्धित

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०६० लाई पुर्णतः पालना गर्नुपर्नेछ ।

२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३ मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिइएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रूपमा जिम्मेवारी र जवाफदेही हुनपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अधि उसका बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

८ विरामीलाई विच बाटोमा अलपत्र हुने गरि छाड्न नहुने ।

९. आफ्नो कामको सिलसिलामा पाएको कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी लेखी पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायीत्व निर्वाह गर्न वा विरामीको सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुयाउनु' पर्ने ।

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुयाउनुपर्ने ।

११. आफुले उचित देखेका विरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जनाकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने । .

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसार पोसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन, नियम अनुसार स्वयं सजायको भागेदार हुनेछ ।

गाउँसभाबाट पारित मितिः २०८०।०३।३०

प्रमाणिकरण मिति : २०८०।०३।३०

आज्ञाले

सुमित कुमार सिंह

प्रमुख प्रशासकीय अधिकृत